फोनः०५६-४१०१२२/४१०१११
इमेलः ichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०७९/८०
च.नं. १२६०

मितिः२०७९/१०/११

## स्थानीय तहमा कार्यरत कर्मचारिहरुको तह वृद्धि सम्बन्धि सुचना

श्री सातै वडामा कार्यरत कर्मचारीहरु
इच्छाकामना गाउपालिका

संघियताको कार्यान्वयनको लागि बाग्मती प्रदेश सरकारले "स्थानीय सेवा ( गठन तथा सन्चालन )अध्यादेश,२०७९" लाइ २०७९ भाद्र १ गत्ते प्रदेश राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा आएको हुदा यस स्थानीय तहमा कार्यरत सबै सेवा समुहका कर्मचारीहरुले तह वृद्धि सम्बन्धि अध्यादेशको दफा ९ को उपदफा (२) र दफा ३० बमोजिम अध्यादेशमा भएको ब्यबस्था अनुशार तह वृद्धिका लागि आबेदन फारममा माग भए बमोजिमको विवरण संलग्न राखी सुचना प्रकाशित मितिले १५ दिन भित्र आबेदन पेश गर्न हुन् अनुरोध गरिन्छ ।

७९/१०/११

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

जगत प्रसाद भुसाल
प्रमूख प्रशासकीय अधिकृत

बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या: २०७९/०८०

चलानी नम्बर :- १०३२

मितिः-

## स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी सूचना ।

श्री स्थानीय तह सबै

बागमती प्रदेश ।

संघीयताको कार्यान्वयनको लागि यस बागमती प्रदेश सरकारले "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९" लाई २०७९ भाद्र १ गते प्रदेश राजपत्रमा प्रकाशन गरी कार्यावन्यनमा आएको छ । यस प्रदेश अन्तर्गतका स्थानीय तहमा कार्यरत सबै सेवा समूहका कर्मचारीहरुको तह बृद्धि सम्वन्धी काम अध्यादेशको दफा ९ को उपदफा (२) र दफा ३० बमोजिम सोहि अध्यादेशमा भएको ब्यवस्था अनुसार सम्वन्धित स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतले गर्न सक्ने भन्ने ब्यवस्था भएकोले तह बृद्धिका लागि योग्यता पुगेका कर्मचारीहरुको तह बृद्धिको कार्य तत् तत् तहबाट नै गर्न सकिने ब्यहोरा जानकारीको लागि आदेशानुसार अनुरोध छ ।

नोटः "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९" www. http://moial.bagamati.gov.np/ बाट डउनलोड गरि हेर्न सकिनेछ ।

मितिः २०७९।०९।२५

भक्त बहादुर भण्डारी

शाखा अधिकृत

फोन नं. ०५७-५८०३८७, ५८०३८४, ५८०३८३, ५८०३८३, ५८०३८९

इमेल: moh@bagamati.gov.np वेबसाईट: https//:www.moh.bagamati.gov.np

| १. | १०/२०७९-/० |

<u>स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश (तह वृद्धिको आवेदन फाराम)</u>

श्रीमान सचिव ज्यू
स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

प्रदेश निजामती सेवा अध्यादेश, २०७९ दफा ३० को उपदफा (२) बमोजिम .............................. तह वृद्धि हुनको निमित्त यो आवेदन फारम भरि पेश गरेको छु ।

२. शुरु नियुक्ति मिति ..............................

१. आवेदकको नाम, थर ..............................

३. पद .............................. ४. सेवा .............................. ५. समुह .............................. ६.उपसमुह ..............................

७. दरबन्दी रहेको कार्यालयको नाम .............................. ८. हाल कार्यरत कार्यालयको नाम ..............................

९. दफा ३० को उपदफा (२) बमोजिम स्तरवृद्धि हुन दावी गरिएको तह ..............................

<u>सेवाको विवरण</u>

| क. सं. | कार्यालयको नाम (नियुक्ति देखि हाल सम्मको) | निर्णय वा सिफारिस मिति | हाजिर भएको मिति | हासिल उच्चतम शैक्षिक योग्यता | गयल कट्टी मिति ....देखि ....सम्म | तलव वृद्धि रोक्का मिति देखि सम्म | बढुवा रोक्का मिति देखि सम्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

१. पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्यांकन रहेको कार्यालयहरु

| आ. व. | कार्यालय |
|---|---|
| ०७८/७९ | |
| ०७७/७८ | |
| ०७६/७७ | |
| ०७५/७६ | |
| ०७४/७५ | |

द्रष्टव्य: माथिको विवरणमा उल्लेखित सबै व्यहोरा प्रमाणित गर्ने कागजात सलग्न हुनु पर्नेछ।

माथि उल्लेखित विवरणमा कुनै व्यहोरा झुठा लेखिएको ठहरे कानून बमोजिम सजाय स्वीकार गर्नेछु भनि सहिछाप गर्ने:

कर्मचारीको नाम,थर:..........................

पद:....................

दस्तखत:....................

दायाँ वा बाया औंलाको छाप

मिति:..................

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौंडा, नेपाल

आवेदनमा निजले मेरो रोहवरमा सहिछाप गरेको हो, उपयुक्त व्यहोरा कार्यालयमा रहेको अभिलेख बमोजिम ठिक छ भनि सहिछाप गर्ने:कार्यालय/विभागीय प्रमुखको

नामथर: ..............................

दर्जा: ..................

दस्तखत: ........................

मिति:......................

कार्यालयको छाप

२९. **समायोजन भएका कर्मचारीको ज्येष्ठताको गणना**: (१) समायोजन ऐन बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीको ज्येष्ठता समायोजन हुनु पूर्वको साबिकको सेवा समूहको तहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी गणना गरिनेछ।

(२) उपदफा (१) बमोजिम ज्येष्ठता कायम गर्न नसकिएमा सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेको अवधि उमेरलाई क्रमशः आधार लिई छुट्याउनु पर्नेछ।

३०. **तह वृद्धि सम्बन्धी व्यवस्थाः** (१) तह बृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँचवर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पन्चानब्ने प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सेवाका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह वृद्धि गरिनेछः-

| क्र.स. | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १. | पाँचौं | छैठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २. | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) उपदफा (१) बमोजिमको चौथो तहको कर्मचारी पाँच वर्ष सेवा अवधी पुरा गरेपछि स्वतः पाचौं तहमा तह वृद्धि हुनेछ । यसरी तहवृद्धी हुने पद स्वतः सृजना हुनेछ।

तर दफा ११५ को खण्ड (क) को उपखण्ड (१) बमोजिम सजाय पाएकोमा १ वर्षसम्म र उपखण्ड (२) बमोजिम सजाय पाएकोमा सजायको अवधीभर र निलम्बन भएकोमा निलम्बन भएको अवधी भर तह वृद्धि गरिने छैन।

(३) उपदफा (१) को खण्ड (च) मा उल्लिखित खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने अधिकृत नवौं तहको पदको लागि उम्मेदवार हुन सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको र सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवाको अधिकृतस्तरको पदमा पाँच वर्ष वा प्रचलित कानून बमोजिम स्थापना भएको सङ्गठित संस्थाको अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

**स्पष्टीकरणः** यस उपदफा प्रयोजनको लागि "प्रदेश निजामती सेवा" भन्नाले जुनसुकै प्रदेशको निजामती सेवा र "स्थानीय सेवा" भन्नाले जुनसुकै प्रदेश अन्तर्गत रहेको स्थानीय तहको सेवा सम्झनु पर्छ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (च) को खुल्ला प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुने पदमा विद्यावारिधिको उपाधि प्राप्त गरेको उम्मेदवारको लागि कम्तीमा तीन वर्ष र दर्शनाचार्य (एम.फिल) उपाधि प्राप्त गरेको उम्मेदवारको लागि कम्तीमा चार वर्ष सेवा अनुभव भएमा योग्यता पुगेको मानिनेछ।

९. **पदपूर्ति:** (१) स्थानीय सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछ:-

| तह | | खुला प्रतियोगिता द्वारा | अन्तर तह प्रतियोगिता द्वारा | बढुवाद्वारा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा | कार्यक्षमताको मूल्याङ्कन द्वारा | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा | |
| (क) | चौथो | - | - | १०० % | - | - | |
| (ख) | पाँचौं | १०० % | - | - | - | - | |
| (ग) | छैठौं | - | - | - | - | - | तह वृद्धि |
| (घ) | सातौं | ५०% | ५ % | - | २०% | २५% | |
| (ङ) | आठौं (स्वास्थ्य सेवाका चिकित्सक र कृषि सेवा अन्तर्गतको पशु चिकित्सक बाहेक) | - | - | - | - | - | तह वृद्धि |
| | आठौं (स्वास्थ्य सेवाका चिकित्सक र कृषि सेवा अन्तर्गतको पशु चिकित्सकको हकमा) | १०० % | - | - | - | - | |
| (च) | नवौं (स्वास्थ्य सेवा बाहेकका सेवा) | १०% | १०% | १०% | ३५% | ३५% | |
| | नवौं (स्वास्थ्य सेवा) | २०% | १०% | ३५% | ३५% | - | |
| (छ) | दशौं | - | - | - | - | - | तह वृद्धि |
| (ज) | एघारौं | - | - | - | ५०% | ५०% | |